मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- कृषि २०८२/८३
चलानी नं. :-

मन्थली नगरपालिका
कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

## नगरस्तरीय कृषि तथा लघु उद्यम प्रदर्शनी मेला-२०८२ मा भाग लिने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/१४**

मन्थली नगरपालिकाको क्षेत्रभित्र उत्पादन तथा प्रशोधन भएका बाली, वस्तुहरुको प्रदर्शनी कार्यक्रम मिति २०८२ साल पौष २६ र २७ गते हाटेचौरमा हुने भएकोले यस नगरपालिका क्षेत्रभित्र उत्पादन भएका विभिन्न किसिमका बाली, पशुपन्छीजन्य उत्पादन र लघु उद्यमीबाट उत्पादित तथा प्रशोधित वस्तुहरु सहित प्रदर्शनीमा सहभागी हुन इच्छुक कृषक तथा उद्यमीहरुले मिति २०८२/०९/२० गते भित्र तपसिल बमोजिमको विवरण सहित सम्बन्धित वडा कार्यालय वा यस नगरपालिकाको कार्यालयमा नाम दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**क) उपलब्ध गराउनु पर्ने विवरण:**

१. उद्यमी/किसानको नाम, थर, ठेगाना र सम्पर्क नम्बर।

२. प्रदर्शन/बिक्री गर्न चाहेको बाली/वस्तु।

३. बालीको हकमा लगाएको क्षेत्रफल र वार्षिक उत्पादन। वस्तुको हकमा मौजुदा परिमाण र वार्षिक उत्पादन।

४. कुनै फर्म/व्यवसाय/समूह/सहकारी लगायतको संस्थामा संलग्न भए सोको विवरण।

**ख) प्रदर्शनीमा राखिने बाली/वस्तुहरु:**

१. बाली तर्फः तरकारी, फलफूल, गेडागुडी, चिया, रैथाने बाली, मसलाबाली, मौरीजन्य, नर्सरीजन्य, च्याउ आदि।

२. पशुपन्छी तर्फः डेरीजन्य उत्पादन, अण्डा, बोका आदि।

३. लघु उद्यम तर्फः बाँसजन्य सामग्री, हाते होजियारी, गलैंचा, ढाका, साबुनजन्य, सिस्नोको पाउडर, जुनारको जुस, बेकरी, बाटेको धुप, खोष्टाको फूल, परालको जुत्ता आदि

४. होमस्टे मार्फत् उत्पादित ताजा एवम् स्थानीय खानेकुराका परिकार।

**थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय, कृषि तथा पशु सेवा प्राविधिक र यस कार्यालयको कृषि विकास र उद्यम विकास, पशु सेवा उपशाखामा सम्पर्क गर्न सकिनेछ।**

प्रमुख प्रशासकीय अधिकृत

: ito.manthalimun@gmail.com
: www.manthalimun.gov.np

मितिः २०८२/०९/.......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

मन्थली नगरपालिकाको कार्यालय, रामेछाप।

विषयः कृषि तथा लघु उद्यम प्रदर्शनी मेलामा सहभागी गराई दिनु हुन।

महोदय,

प्रस्तुत विषयमा यस मन्थली नगरपालिकाको मिति २०८२/०९/१४ गतेको सूचना अनुसार यहि मिति २०८२ साल पौष २६ र २७ गते आयोजना गरिने प्रदर्शनी मेलामा सहभागी गराई दिनु हुन अनुरोध छ।

निवेदकः
नामः
वडा नं.:
टोल/बस्ती:
सम्पर्क नं.:

| | |
|---|---|
| १. प्रदर्शनी/बिक्री गर्न चाहेको बाली/वस्तु | |
| २. बालीको हकमा लगाएको क्षेत्रफल वार्षिक उत्पादन | |
| ३. वस्तुको हकमा मौजुदा परिमाण र वार्षिक उत्पादन | |
| ४. कुनै फर्म/व्यवसाय/समूह/सहकारी लगायतको सम्बन्धित संस्थामा संलग्न भए सोको विवरण | |
| ५. अन्य | |